# मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Executive
मक्रान्चुली, मकवानपुर
Makranchuli, Makawanpur

Email: makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman)
Contact no.: 9855088966 (CAO)
वागमती, प्रदेश, नेपाल
Province no. 3, Nepal


प.सं. (Ref.) : २०७७/७८
च.नं. (Dispatch no.) :

मिति : २०७७/०६/०२
Date :

## गाउँपालिकाभित्र सार्वजनिक सेवा प्रवाह, यातायात, कृषि तथा अन्य क्षेत्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी

## सूचना !!!

विश्वब्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणको कारण कोरोना संक्रमितको संख्या २० जना पुगी हाल सम्म १२ जना निको भएको अवस्था रहेको र हाल जिल्ला प्रशासन कार्यालयबाट समेत सरकारी निजि तथा सार्वजनिक र वित्तिय संस्थानहरु नियमित रुपमा सञ्चालन गर्ने, सार्वजनिक तथा निजि सवारी साधन, होटल तथा लज स्वास्थ्य एवं सुरक्षाका नीतिहरु अवलम्वन गरी निश्चित अवधिका लागि सञ्चालन गर्ने समेत मिति २०७७ भाद्र ३१ गते जिल्ला प्रशासन कार्यालयबाट आदेश जारी भईसकको सन्दर्भमा कोरोना संक्रमण जोखिम निवारणका लागि आज मिति २०७७ आश्विन ०२ गते गाउँपालिका अध्यक्ष श्री बिदुर हुँमागाईको अध्यक्षतामा बसेको गाउँपालिकास्तरीय समन्वय समितिको बैठक एवं समिक्षाबाट देहाय बमोजिमको निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनु हुन सम्पूर्ण गाउँपालिकाबासीको लागि यो सूचना जारी गरिएको छ । यस सूचनाको विपरीत भए, गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

## तपसिल:

१. गाउँपालिका अन्तरगतका वडा कार्यालयहरु, सहकारी संघ संस्था तथा अन्य वित्तिय संघ संस्थाहरुबाट स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरुको उच्चतम पालना गरी नियमित रुपमा सेवा सञ्चालन गर्ने,

२. वडा कार्यालयहरुले उपभोक्ता समिती गठन तथा सम्झौताको लागि आवश्यक कागजात तयार गर्दा वडामै सम्पूर्ण प्रक्रिया पूरा गरी उपभोक्तालाई गाउँपालिकामा नपठाई वडा सचिवमार्फत गाउँपालिकामा सम्झौताको लागि पठाउने,

३. कार्यालयबाट सेवा प्रवाह गर्दा सुरक्षाका उपायहरु अवलम्बन गरेर मात्र सेवा प्रवाह गर्ने,

४. गाउँपालिका भित्र कार्यरत जिल्ला बाहिरका कर्मचारीहरुले अनिवार्य RT-PCR गराई Negative Report गाउँपालिकालाई बुझाएर मात्र आफ्नो कार्यक्षेत्रमा जाने ।

५. बाहिरी जिल्लाबाट यस गाउँपालिकाको उद्योग कलकारखानामा ज्याला मजदुरी गर्न आउने श्रमिकहरुलाई सम्बन्धित उद्योग कलकारखानाले RT-PCR गराई Negative Report प्राप्त भए पश्चात गाउँपालिकालाई बुझाएर मात्र आफ्नो कार्यक्षेत्रमा खटाउने व्यवस्था गर्ने,

६. गाउँपालिकाबाट बजारक्षेत्रमा अत्यावश्यक काममा बाहेक आवतजावत नगर्ने, हेटौडा बजारमा तरकारी फलफूल किनबेच गर्दा भिडभाड नगर्ने,

७. सुरक्षाका सामान्य विषयहरु साबुन पानीले नियमित हात धुने, मास्क अनिवार्य लगाउने, पटक पटक Sanitizer प्रयोग गरिरहने कुरालाई अनिवार्य रुपमा लागू गर्ने,

८. जिल्ला प्रशासन कार्यालयले जारी गरेको आदेश बमोजिमको अवधिसम्म होटेल तथा किराना पसल, तरकारी पसल तथा अन्य पसलहरु सञ्चालन गर्ने,

९. नेपाल सरकारद्धारा जारी गरिएको स्वास्थ्य एवं सुरक्षाका मापदण्ड एवं निर्देशनहर अनिवार्य रुपमा पालना गरी सार्वजनिक तथा निजि यातायात सञ्चालन गर्ने तर बस सेवा हाललाई सञ्चालन नगर्ने,

१०. ***सामाजिक व्यवहार सुधार ऐन, २०७५*** *को वर्खिलाप हुने गरी निषेधाज्ञा जारी भएको अवस्थामा गाउँघरमा मानिसहरु जमघट* भई जुवा तास खेल्ने, क्यारेमबोर्ड, लुडो खेल्ने प्रथा बढ्दै गएको पाईएकोले त्यस्ता कार्यहरु अविलम्ब रोक लगाउने । सो कार्यको लागि सम्बन्धित वडाको टोल विकास संस्थाले आवश्यक सहजीकरण गर्ने ।

११. सभा, गाष्ठि, सेमिनार, प्रदर्शन, भेला आयोजनामा रोक लगाउने

१२. समूहमा हुने खेलकुदका क्रियाकलाप, सार्वजनिक धार्मिक, ऐतिहासिक स्थलहरु प्रवेशमा रोक लगाउने ।

..................................
(रामकुमार पुडासैनी)
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत